आज मिति २०८२ साल असार १० गते मंगल बिहान ८:०० बजे यस सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री भूपालराज राईज्यूको अध्यक्षता र देहाय बमोजिमको उपस्थितीमा बसेको सिलीचोङ गाउँपालिकाको आ.व. ०८१/०८२ को अठारौ कार्यपालिका बैठकबाट देहाय बमोजिमको प्रस्तावहरु उपर छलफल गरी सर्वसम्मतिले निर्णय पारित गरियो ।

उपस्थिती

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भूपालराज राई | अध्यक्ष | |
| २ | देविता राई | उपाध्यक्ष | |
| ३ | गणेश राई | वडाध्यक्ष | |
| ४ | मोहन सम्सेर राई | वडाध्यक्ष | |
| ५ | प्रतापसिंह तामाङ | वडाध्यक्ष | |
| ६ | देवेन्द्र राई | वडाध्यक्ष | |
| ७ | ईश्वर राई | वडाध्यक्ष | |
| ८ | सन्तोष राई | कार्यपालिका सदस्य | |
| ९ | सागर राई | कार्यपालिका सदस्य | |
| १० | रेबिका रसाइली | कार्यपालिका सदस्य | |
| ११ | शारदा कुमारी राई | कार्यपालिका सदस्य | |
| १२ | लक्ष्मी वि.क. | कार्यपालिका सदस्य | |
| १३ | मन कुमारी राई | कार्यपालिका सदस्य | |
| १४ | भद्र बहादुर राई | सदस्य | |
| १५ | ई सुजन श्रेष्ठ | भौतिक पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखा प्रमुख | |

प्रस्तावहरु:

१. समीक्षा सम्बन्धमा ।
२. १७ औं गाउँसभाको बैठकमा पेश गर्ने प्रस्ताव सम्बन्धमा ।
३. सिलीचोङ गाउँपालिकाको कर्मचारी संगठन व्यवस्थापन तथा सर्वेक्षण अनुमोदन सम्बन्धमा ।
४. रकम बिनियोजन सम्बन्धमा ।
५. सिलीचोङ गाउँपालिका भित्रका पर्यटकीय क्षेत्रहरुलाई नीति तथा कार्यक्रममा समाबेश गर्ने सम्बन्धमा ।
६. सिफारिश गर्ने सम्बन्धमा ।
७. NTC टावर माग सम्बन्धमा ।

## निर्णयहरु

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८२ साल असार ०७ गते बसेको सत्रौ कार्यपालिका बैठकले गरेका निर्णयहरु सन्तोषजनक रुपमा कार्यान्वयन भएको सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाको गाउँसभाको १७ औं अधिबेशमा तपशिलका प्रस्तावहरु निर्णयार्थ पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

१. आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम पेश गर्ने सम्बन्धमा ।
२. करार सेवामा कार्यरत कर्मचारीहरुको १ वर्ष करार सेवा थप तथा सेवा सुबिधा निरन्तरता पेश गर्ने सम्बन्धमा ।
३. पद तथा कार्यालय दर्ता सम्बन्धी प्रस्ताव ।
४. आ.व. ०८१/०८२ को योजना प्रगती अनुमोदन सम्बन्धी प्रस्ताव ।
५. आ.व. ०८१/०८२ मा न्यायीक समितिले गरेको प्रगती बिवरण अनुमोदन सम्बन्धी प्रस्ताव ।
६. आ.व. ०८१/०८२ मा कार्यपालिका बैठकले गरेको निर्णयहरु मनुमोदन सम्बन्धी प्रस्ताव ।
७. आ.व.०८२/०८३ को आर्थिक तथा बिनियोजन बिधेयक अनुमोदन सम्बन्धी प्रस्ताव ।
८. सैद्धान्तिक बेरुजु फछ्र्यौट सम्बन्धी प्रस्ताव ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाको लागि आवश्यक संगठन तथा व्यवस्थापन सर्वेक्षणको लागि परामर्श दाता श्री पब्लिक रिसर्च सेन्टरलाई नियुक्ती गरि उक्त फर्म संग संझौता गरि तयार पारिएको कर्मचारी संगठन तथा व्यवस्थापन प्रतिबेदन स्विकृत गर्ने सर्व सम्मत निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा चालु आ.व. मा वातावरण तथा विपद व्यवस्थापन शिर्षक अन्तर्गत बिनियोजन गरिएको विपद उद्धार सामाग्री खरिदमा बिपद उद्धार सामाग्री खरिदमा अपुग रकम रु.१६००००।– र कर्मचारी तथा जनप्रतिनिधीहरुको बैठक भत्तामा रु.२०००००।– अपुग हुने देखिएको हुदाँ गत आ.व.को दायित्व भुक्तान शिर्षक मार्फत भुक्तान गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिका भित्र रहेका धार्मिक, साँस्कृतिक, प्राकृतिक पर्यटकीय क्षेत्रलाई नीति तथा कार्यक्रममा समाबेश गरि प्रबर्धन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्तावन नं. ६ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिका वडा नं. ५ का अत्यन्तै दुर्गम टोलहरु याङ्देप, गौथला, साईसिमा र दवाटकका क्षेत्रमा बिद्युतीकरण नभएकोले उक्त टोल तथा क्षेत्रमा केन्द्रिय बिद्युत बिस्तारका लागि नेपाल बिद्युत प्राधिकरण संग बिद्युत बिस्तार आयोजना मागका लागि सिफारिश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्तावन नं. ७ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाको वडा नं. १ सिसुवाखोलाका धैरे भुभागहरु संचार नपुगी सुचना संचारको समस्या भई रहेको हुदाँ सिलीचोङ १ सिसुवाखोलाको मोस्तेम डाँडामा NTC टावर निर्माणका लागि संचार तथा सुचना प्रबिधी मन्त्रालयमा माग गर्ने सर्वसम्मत निर्णय गरियो ।